नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय अनुसन्धान विभाग

## सिंहदरवार, काठमाडौं

## नेपाल विशेष सेवाको अनुसन्धान अधिकृत र अनुसन्धान सहायक पदको लागि

## दरखास्त आव्हान गरिएको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२।०५।१३)**

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस विभाग एवं अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेको अनुसन्धान अधिकृत (राजपत्रांकित तृतीय श्रेणी सरह) र अनुसन्धान सहायक (राजपत्र अनंकित द्वितीय श्रेणी सरह) पदमा नेपाल विशेष सेवा नियमावली, २०४४ बमोजिम समावेशी प्राबधान अनुरुप खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गनुपर्ने भएकोले देहायका न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिएको छ । रित नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले विभागको वेबसाइट **https://rabvac.nidept.gov.np** मा अनलाइन दरखास्त प्रणालीबाट आवेदन दिनुपर्नेछ ।

| क्र.सं. | विज्ञापन नम्बर | पद तथा श्रेणी | सेवा | माग पद संख्या | खुला | समावेशी पद | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आदिवासी/ जनजाति | मधेसी | महिला | दलित | पिछडिएको क्षेत्र |
| १ | ०१/०८२/८३ | अनुसन्धान अधिकृत (राजपत्रांकित तृतीय श्रेणी सरह | नेपाल विशेष सेवा | ४० | २२ | ६ | ५ | ३ | ३ | १ |
| २ | ०२/०८२/८३ | अनुसन्धान सहायक (राजपत्र अनंकित द्वितीय श्रेणी सरह) | नेपाल विशेष सेवा | ५० | २८ | ७ | ६ | ५ | ३ | १ |
| सम्मानीय सर्वोच्च अदालतबाट रिट नम्बर ०७८–WO–०३८२ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध मिलाएपछि कायम हुन आउने कुल पदहरुमध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व. २०७९/८० मा समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटी हुनगएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भएबमोजिम गरिनेछ । | | | | | | | | | | |

**(१) आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

**क) अनुसन्धान अधिकृत पदको लागि :-** स्वीकृत विश्वविद्यालयबाट कम्तिमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको । विदेशी शैक्षिक संस्थाबाट सो सरहको शैक्षिक योग्यता प्राप्त गरेको भए **त्रि.वि.वि.बाट** समकक्षता निर्धारण गरिएको प्रमाणपत्र पनि पेश गर्नुपर्नेछ ।

**ख) अनुसन्धान सहायक पदको लागि :-** मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको उपाधि प्राप्त गरेको । विदेशी शैक्षिक संस्थाबाट सो सरहको शैक्षिक योग्यता प्राप्त गरेको भए **नेपाल सरकारको निकायबाट** समकक्षता निर्धारण गरिएको प्रमाणपत्र पनि पेश गर्नुपर्नेछ । २०७८/०९/०७ भन्दा अघि जारी माध्यामिक शिक्षा उत्तीर्ण परीक्षा (S.L.C.E.) प्रमाणपत्रको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम $D^+$ र Cumulative Grate Point Average (C.G.P.A.) 1.6 रहेको हुनुपर्नेछ ।

(२) **उम्मेदवारको उमेरको हद :-**

**क) अनुसन्धान अधिकृत पदको लागि :-** छनोट हुने सालको बैशाख १ गते पुरुषको हकमा २१ वर्ष पूरा भएको र २५ वर्ष ननाघेको (२०५७।०१।०१ देखि २०६१।०१।०१ सम्म जन्ममिति भएका) तथा महिलाको हकमा २१ वर्ष पूरा भएको र ३० वर्ष ननाघेको (२०५२।०१।०१ देखि २०६१।०१।०१ सम्म जन्ममिति भएका)। राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीको हकमा ३५ बर्ष ननाघेको (२०४७।०१।०१ देखि २०६१।०१।०१ सम्म जन्ममिति भएका) हुनुपर्नेछ।

**ख) अनुसन्धान सहायक पदको लागि :-** छनोट हुने सालको बैशाख १ गते पुरुषको हकमा १८ वर्ष पूरा भएको र २५ वर्ष ननाघेको (२०५७।०१।०१ देखि २०६४।०१।०१ सम्म जन्ममिति भएका) तथा महिलाको हकमा १८ वर्ष पूरा भएको र ३० वर्ष ननाघेको (२०५२।०१।०१ देखि २०६४।०१।०१ सम्म जन्ममिति भएका)। राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीको हकमा ३५ बर्ष ननाघेको (२०४७।०१।०१ देखि २०६४।०१।०१ सम्म जन्ममिति भएका) हुनुपर्नेछ।

(३) **परीक्षाको किसिम :-**

**क) अनुसन्धान अधिकृत**

| परीक्षाको किसिम | कैफियत |
|---|---|
| General Knowledge and Intelligence Aptitude Test | लोक सेवा आयोगबाट सञ्चालन हुने |
| लिखित परीक्षा | लोक सेवा आयोगबाट सञ्चालन हुने |
| विस्तृत स्वास्थ्य परीक्षण | पाठ्यक्रममा तोकिए बमोजिम |
| योग्यता परीक्षण | लोक सेवा आयोगको उपस्थितिमा |
| अन्तर्वार्ता | लोक सेवा आयोगको उपस्थितिमा |

**ख) अनुसन्धान सहायक**

| परीक्षाको किसिम | कैफियत |
|---|---|
| General Knowledge and Intelligence Aptitude Test | लोक सेवा आयोगबाट सञ्चालन हुने |
| लिखित परीक्षा | लोक सेवा आयोगबाट सञ्चालन हुने |
| विस्तृत स्वास्थ्य परीक्षण | पाठ्यक्रममा तोकिए बमोजिम |
| अन्तर्वार्ता | लोक सेवा आयोगको उपस्थितिमा |

(४) **दरखास्त फाराम पेश गर्ने मिति :-**

क) गोरखापत्रमा सूचना प्रकाशन भएको मितिले पहिलोपटक ३० दिनभित्र (मिति २०८२।०६।१२ गतेसम्म) र दोब्बर दस्तुर बुझाई थप ७ दिनभित्र (मिति २०८२।०६।१९ गतेसम्म) दरखास्त फाराम पेश गर्न सकिनेछ।

(५) **परीक्षा केन्द्र र स्थान :-**

क) अनुसन्धान अधिकृत पदका आवेदकहरुले लोक सेवा आयोगको काठमाण्डौ परीक्षा केन्द्र र अनुसन्धान सहायक पदका आवेदकहरुले आफुलाई पायक पर्ने लोक सेवा आयोगका कार्यालयहरु (धनकुटा, जलेश्वर, हेटौडा, काठमाण्डौ, पोखरा, बुटवल, सुर्खेत र महेन्द्रनगर) मध्ये कुनै एक स्थान मात्र परीक्षा केन्द्र छनौट गर्नुपर्नेछ। आयोगबाट तोकिएको स्थानमा परीक्षा केन्द्रहरु कायम गरी लिखित परीक्षा सञ्चालन हुनेछ।

(६) **दरखास्त दस्तुर (राजश्व) र बुझाउने विधि :-**

क) **अनुसन्धान अधिकृत** पदका उम्मेदवारहरुले कुनै एक समूहको लागि रु.१२००।– (एक हजार दुइ सय रुपैयाँ) बुझाउनु पर्नेछ। एक भन्दा बढी प्रत्येक समूहका लागि थप रु.४००।–(चार सय रुपैयाँ) का दरले थप दस्तुर

बुझाउनु पर्नेछ । समावेशी समूहतर्फ मात्र आवेदन दिने उम्मेदवारले कम्तिमा रु.१२००।–(एक हजार दुइ सय रुपैयाँ) राजश्व बुझाउनुपर्नेछ ।

ख) **अनुसन्धान सहायक** पदका उम्मेदवारहरुले कुनै एक समूहको लागि रु.५००।– (पाँच सय रुपैयाँ) बुझाउनु पर्नेछ । एक भन्दा बढी प्रत्येक समूहका लागि थप रु.१५०।– (एक सय पचास रुपैयाँ) का दरले थप दस्तुर बुझाउनु पर्नेछ । समावेशी समूहतर्फ मात्र आवेदन दिने उम्मेदवारले कम्तिमा रु.५००।– (पाँच सय रुपैयाँ) राजश्व बुझाउनुपर्नेछ ।

**परीक्षा दस्तुर अनलाइन प्रणाली e-Sewa, connect ips, Khalti तथा अफलाइन Payment Option बाट भौचर जेनेरेट गरी राष्ट्रिय बाणिज्य बैङ्कको कुनै पनि शाखा मार्फत बुझाउन सकिनेछ ।**

**(७) दरखास्त फाराम भर्ने तरिका :-**

क) विभागको वेभसाइट https://rabvac.nidept.gov.np मा login गरी व्यक्तिगत विवरणका साथै आवश्यक कागजातहरु सहित अनलाइन प्रणालीबाट दरखास्त फाराम भर्नुपर्नेछ । दरखास्त फाराममा भरिएका विवरणहरु विभागले प्रमाणित गरेपश्चात रोलनम्बर कायम गरिनेछ । सो सम्बन्धमा विभागको वेबसाइटमा सूचना प्रकाशित गरी जानकारी गराइनेछ । तत्पश्चात अनलाइन प्रणालीबाट आफ्नो ID र Password Login गरी प्रवेशपत्र Print गर्न सकिनेछ ।

**(८) अनलाइन दरखास्त फाराम भर्दा अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु :-**

(क) हालसालै खिचेको पासपोर्ट साइजको फोटो ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको स्क्यान कपी वा फोटो ।

(ग) उम्मेदवारहरुले सादा पानामा कालो मसीले दस्तखत गरेको स्क्यान कपी वा फोटो ।

(घ) तोकिएको शैक्षिक योग्यता वा सो सरह उत्तिर्ण गरेको ट्रान्सक्रिप्ट/मार्कसिट र चारित्रिक प्रमाणपत्रको PDF/स्क्यान कपी वा फोटो ।

(ङ) तोकिएको समावेशी समूह अन्तर्गत

- आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्र,
- मधेसीका लागि सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्र,
- दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्र वा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट दलित जातिभित्रको थर भनि प्रमाणित भएको प्रमाणपत्र,
- पिछडिएको क्षेत्रका लागि अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त बुझाउँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने अन्तिम ३ महिनाभित्र सिफारिस भएको प्रमाणपत्र ।
- उल्लिखित समूहका लागि नेपाल सरकारले प्रचलित कानून बमोजिम तोकेका निकायहरुले सिफारिस गरेको प्रमाणपत्र,

(च) प्रत्येक प्रमाणपत्रको PDF फाइल/स्क्यान कपी वा फोटो समावेश गनुपर्ने र उक्त कागजातहरुको साइज बढीमा 200KB को हुनुपर्नेछ । केरमेट वा सच्याइएको जस्तो देखिने प्रमाणपत्रलाई मान्यता दिइने छैन ।

**(९) पाठ्यक्रम पाइने वेबसाइट :-**

अनुसन्धान अधिकृत र अनुसन्धान सहायक पदको पाठ्यक्रम राष्ट्रिय अनुसन्धान विभागको वेभसाइट https://www.nidept.gov.np/pages/syllabus-7/ बाट download गरी प्राप्त गर्न सकिनेछ ।

**(१०) विस्तृत स्वास्थ्य परीक्षण :-**

क) लिखित परीक्षामा सफल भएका उम्मेदवारहरुलाई नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय अनुसन्धान विभागबाट तोकिएको अस्पताल वा स्वास्थ्य संस्थामा पाठ्यक्रममा तोकिए बमोजिमको मापदण्ड बमोजिम अनिवार्य विस्तृत स्वास्थ्य परीक्षण गराइनेछ ।

**विस्तृत स्वास्थ्य परीक्षण गर्दा अस्पतालबाट तोके बमोजिम शुल्क लाग्नेछ । स्वास्थ्य परीक्षणमा योग्य उम्मेदवारहरु मात्र अन्य चरणको परीक्षामा समावेश हुन सक्नेछन् ।**

**(११) तलब, भत्ता, राशन तथा अन्य सुविधाहरु :-** राष्ट्रिय अनुसन्धान विभागको नियम र प्रचलित व्यवस्था बमोजिम हुनेछ ।

**(१२) परीक्षाको लागि सम्पर्क मिति :-** दोब्बर दस्तुर तिर्ने म्याद सकिएपछि लोक सेवा आयोगको समन्वयमा परीक्षा सम्बन्धी जानकारी विभागको वेभसाइटमा सूचना प्रकाशित गरिनेछ ।

**(१३) अन्य विवरण :-**

(क) नेपाल विशेष सेवा नियमावली, २०४४ र राष्ट्रिय अनुसन्धान विभागको सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्त, २०६६ बमोजिम पदपूर्ति गरिनेछ ।

(ख) उम्मेदवारहरुले प्रत्येक चरणको परीक्षामा उपस्थित हुँदा प्रवेशपत्र र नागरिकताको सक्कलै प्रति साथमा लिई उपस्थित हुनुपर्नेछ ।

(ग) हरेक चरणको परीक्षा समाप्ति पछि नतिजा प्रकाशन हुनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

(घ) लिखित परीक्षामा सफल उम्मेदवारहरुलाई पाठ्यक्रममा तोकिए बमोजिम सशस्त्र प्रहरी बल, नेपालको नेपाल ए.पि.एफ.अस्पतालबाट विस्तृत स्वास्थ्य परीक्षण गराईनेछ ।

(ङ) स्वास्थ्य परीक्षणमा सफल उम्मेदवारहरुलाई मात्र सो पश्चातको चरणको परीक्षामा सम्मिलित गराईनेछ ।

(च) अन्तिम चरणको परीक्षामा सहभागी हुन आउँदा उम्मेदवारहरुले नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजातको सक्कल र सोका प्रमाणित प्रतिलिपिहरु साथमा लिई उपस्थित हुनुपर्नेछ ।

(छ) कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको र कुनै अवैध संस्था वा संगठनको सदस्य रहेको व्यक्ति परीक्षामा संलग्न हुन पाउनेछैन ।

(ज) म्याद नाघि प्राप्त भएका र रित नपुगेका दरखास्ता उपर कुनै कारवाही गरिने छैन ।

(झ) उम्मेदवारहरुले दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हाँसिल गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(ञ) अनुसन्धान अधिकृत र अनुसन्धान सहायक पदको सम्पूर्ण लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुने भएकोले परीक्षा सम्बन्धी जानकारी आयोगको समन्वयमा सूचना प्रकाशन गरी गराइनेछ ।

**अनलाइन दरखास्तका सम्बन्धमा कुनै जिज्ञासा तथा गुनासो भए**
**सम्पर्क नम्बर ०१-५९२५८४८ र email id : infoict@nidept.gov.np मा टिपाउन सकिनेछ ।**